**भारतीय राजदूतावास**

**काठमाडौं**

**प्रेस विज्ञप्ति**

**भारत सरकारद्वारा नेपालका विभिन्न जिल्लामा ४० वटा एम्बुलेन्स उपहारस्वरुप प्रदान**

भारत सरकारले आज नेपालका विभिन्न जिल्लामा फैलिएका विभिन्न स्वास्थ्य संस्थाहरुलाई ४० वटा एम्बुलेन्स उपहार स्वरुप प्रदान गऱ्यो ।

२. सवारी साधन हस्तान्तरण समारोह काठमाडौंस्थित भारतीय राजदूतावास, वीरगंजस्थित भारतको महावाणिज्य दूतावास र पोखरा र धरानस्थित भारतीय दूतावासको पेन्सन भुक्तानी कार्यालयहरु सहित चार स्थानमा एकैसाथ आयोजना गरिएको थियो ।

३. आज नेपालका ७ वटै प्रदेशका ३३ वटा जिल्लालाई समेट्दै कुल ४० वटा एम्बुलेन्स उपहारस्वरुप प्रदान गरिएको थियो । यी मध्ये २२ वटा एम्बुलेन्स काठमाडौंमा हस्तान्तरण गरिएको थियो । साथै, भारत सरकारका प्रतिनिधिहरुद्वारा वीरगंजमा ७ वटा, पोखरामा ७ वटा र धरानमा ४ वटा एम्बुलेन्स हस्तान्तरण गरिएको थियो ।

४. काठमाडौंमा आयोजित समारोहमा भारतीय राजदूतावास, काठमाडौंका नियोग उप-प्रमुख श्री प्रसन्न श्रीवास्तवले सवारी साधनहरुको चाबी हस्तान्तरण गर्नुभयो । कार्यक्रममा बागमती, कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाका नगरपालिका र गाउँपालिकाका मेयर र अध्यक्षहरुका साथै विभिन्न लाभार्थी संस्थाका प्रतिनिधिहरु, राजनीतिक प्रतिनिधिहरु र समाजसेवीहरु पनि उपस्थित थिए ।

५. कार्यक्रममा नियोग उप-प्रमुखले स्वास्थ्य क्षेत्रमा पूर्वाधार सुदृढीकरण गर्ने नेपाल सरकारको प्रयासलाई मजबुत बनाउन नेपाल-भारत विकास साझेदारी अन्तर्गत उपहारस्वरुप प्रदान गरिने एम्बुलेन्स भारत सरकारको लामो समयदेखिको पहलहरु मध्ये एक रहेको कुरामा प्रकाश

पार्नुभयो । वहाँले यो पहल भारत र नेपालबीचको निकै बलियो र जीवन्त विकास साझेदारीको एक हिस्सा रहेको जुन विगत सात दशकमा झनै विस्तार भएको, गहिरिएर गएको र विविधताले भरिएको बताउनुभयो ।

६. कार्यक्रममा नियोग उप-प्रमुखसँगको अन्तरक्रियाको क्रममा लाभार्थीहरुले उनीहरुका जिल्लाहरु र नेपालमा हाल संचालनमा रहेका विभिन्न विकास परियोजनाहरुमा भारतको सहयोगको लागि कृतज्ञता व्यक्त गरे । उनीहरुले नयाँ उपहारस्वरुप प्रदान गरिएका एम्बुलेन्सहरुले आ-आफ्नो क्षेत्रहरुमा स्वास्थ्य सेवाहरुमा पहुँच बढाउन मद्दत गर्ने विश्वास व्यक्त गरे । वीरगंज, पोखरा र धरानका लाभार्थीहरुले पनि यस्तै भावना व्यक्त गरे ।

७. भारत सरकारले नेपालको स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकता दिँदै नेपालका विभिन्न भागहरुमा रहेका विभिन्न लाभार्थी संस्थाहरुलाई तीन दशकभन्दा बढी समयदेखि एम्बुलेन्स उपहारस्वरुप प्रदान गर्दै आएको छ । सन् १९९४ यता आज उपहारस्वरुप प्रदान गरिएका एम्बुलेन्स सहित भारत सरकारले नेपालभरि १०४९ एम्बुलेन्स उपहारस्वरुप प्रदान गरिसकेको छ । अन्य अवसरमा पनि नेपाल सरकारलाई यस्तै खाले सवारी साधन सम्बन्धी लजिस्टिक सहयोग प्रदान गरिएको छ । आजसम्म नेपालका विभिन्न शैक्षिक संस्थाहरुलाई ३०० वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिएको छ । सन् २०२२ मा निर्वाचन सञ्चालन हेतु कानून कार्यान्वयन गर्ने निकायहरु र नेपालको निर्वाचन आयोगलाइ २०० वटा सवारी साधन उपहारस्वरुप प्रदान गरिएको थियो । हालसालै मे २०२५ मा ‘सगरमाथा संवाद’ को पहिलो संस्करणको आयोजनालाई सहज बनाउन नेपालको परराष्ट्र मन्त्रालयलाई १५ वटा विद्युतीय सवारी साधन उपहारस्वरुप प्रदान गरिएको थियो ।

८. भारत र नेपालबीच बहुआयामिक र बहुक्षेत्रीय विकास साझेदारी रहेको छ जसले दुवै देशका जनताबीचको निकटतालाई प्रतिबिम्बित गर्दछ । यस्ता बन्दोबस्तीका व्यवस्थाहरुको

विस्तारले नेपालको विकास र दुवै देशका जनताबीचको सम्बन्धलाई अझ सुदृढ पार्न भारत सरकारको निरन्तर प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ ।

काठमाडौं, नेपाल

२०८२ जेठ ३१